संघीय संसद
राष्ट्रिय सभा
अठारौँ अधिवेशन
बैठक-१६
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)
२०८२ जेठ २१ गते, बुधवार

बैठक प्रारम्भ १:२० बजे
बैठक स्थगित ४:१८ बजे

संघीय संसद, राष्ट्रिय सभाको अठारौँ अधिवेशनको सोह्रौँ बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:२० बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले आकस्मिक समयमा बोल्नका लागि **माननीय सदस्य माया प्रसाद शर्मा**लाई समय उपलब्ध गराउनुभयोः

माननीय सदस्य माया प्रसाद शर्माले भिजिट भिसाको विषयमा गृहमन्त्रीको संलग्नता रहेको भन्ने सवाल उठिरहेको हुनाले उक्त विषयलाई निष्पक्षरूपमा छानविन गर्नको लागि गृहमन्त्रीले नैतिक रुपमा राजिनामा दिएर सत्यतथ्य छानविनको लागि मार्ग प्रसस्त गर्नु हुन अनुरोध गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

माननीय सदस्य कृष्ण प्रसाद पौडेलले नेपालमै टिक्ने र बिक्ने मानव पुँजीको निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य गोमा देवी तिमल्सिनाले दलितमाथि विभिन्न माध्यमबाट भैरहेको अन्याय तथा अत्याचारको अन्त्य गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य नर बहादुर विष्टले भिजिट भिसाको विषयमा निष्पक्षरूपमा छानविन गर्नको लागि गृहमन्त्रीले नैतिक रुपमा राजिनामा दिएर सत्यतथ्य छानविनको लागी मार्ग प्रसस्त गर्नु हुन अनुरोध गर्नुभयो।

माननीय सदस्य नारायण दत्त मिश्रले यातायात व्यवसायीसँग वार्ता गरी यातायात सेवा सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य भुवन बहादुर सुनारले जातीय विभेदको व्यवहारिक रूपमै अन्त्य गर्न सरकारको

ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य मदन कुमारी शाह (गरिमा)ले जातीय भेदभावको अन्त्य गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य युवराज शर्माले संविधानले निर्दिष्ट गरेका ऐनहरू छिटो बनाइसक्न लागिपर्नु पर्ने जिकिर गर्नुभयो।

माननीय सदस्य राजेन्द्र लक्ष्मी गौरेले जातीय भेदभावको अन्त्य गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य सोनाम गेल्जेन शेर्पाले बेरुजु नियन्त्रणमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेललाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३१ बमोजिम वक्तव्य सहित "आर्थिक वर्ष २०८२/०८३ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, उक्त प्रस्तावमाथिको सामान्य छलफलमा देहायबमोजिमका माननीय सदस्य भाग लिनुभयोः

१. माननीय सदस्य सोनाम गेल्जेन शेर्पा
२. माननीय सदस्य नारायण काजी श्रेष्ठ
३. माननीय सदस्य कमला पन्त
४. माननीय सदस्य डा. बेदुराम भुसाल
५. माननीय सदस्य शारदा देवी भट्ट
६. माननीय सदस्य उर्मिला अर्याल
७. माननीय सदस्य नारायण दत्त मिश्र
८. माननीय सदस्य राजेन्द्र लक्ष्मी गौर
९. माननीय सदस्य रुकमिणी कोइराला
१०. माननीय सदस्य झक्कु प्रसाद सुवेदी
११. माननीय सदस्य युवराज शर्मा
१२. माननीय सदस्य नर बहादुर विष्ट
१३. माननीय सदस्य विष्णु कुमारी सापकोटा
१४. माननीय सदस्य राधेश्याम पासवान
१५. माननीय सदस्य इन्दिरा देवी गौतम

त्यसपछि, सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०८२/०८३ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम नसकिएकोले आगामी बैठकमा समेत छलफल जारी रहने ब्यहोरा जानकारी गराउनुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८२ साल जेठ २२ गते बिहीबार अपराह्न १ बजेर १५ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो। ।

(पद्मप्रसाद पाण्डेय)
महासचिव